# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/०७९
चलानी नं : ०४

मिति: २०७८।०४।०३

**विषय : टोखा नगरपालिका अन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई सूचना**

यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८।०३।२४ को बैठकको निर्णयअनुसार विद्यालय सञ्चालन सम्बन्धमा निम्नानुसार गर्न गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ :

१. यस नगरपालिकाको अर्को व्यवस्था र निर्देशन नभएसम्म सबै विद्यालयहरुले यहाँबाट विगतमा जारी गरिएको सिकाइ सहजीकरण कार्यविधिअनुसार वैकल्पिक विधिबाट नै शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापमार्फत विद्यालय संचालन गर्ने गराउने ।

२. शैक्षिक सत्र २०७८ मा संस्थागत विद्यालयबाट विद्यार्थीबाट लिइने शुल्कको सीमा गत वर्षकै कायम गर्ने र सो भन्दा बढी शुल्क लिनुपर्ने अवस्था भएमा सम्बन्धित विद्यालयले औचित्य सहितको विवरण शिक्षा शाखामा पेश गरी पूर्व स्वीकृति लिनुपर्ने तथा मासिक शिक्षण शुल्क बाहेक अन्य शीर्षकमा कुनै पनि शुल्क नलिने ।

३. शैक्षिक सत्र २०७८ मा संस्थागत विद्यालयहरुले नियमानुसार प्रदान गर्नुपर्ने छात्रवृत्तिका लागि सूचना जारी गरी विद्यार्थी वा अभिभावकबाट श्रावण मसान्तभित्र वडा र विद्यालयमा निवेदन संकलन गर्ने तथा यसको व्यवस्थापन र वितरण कार्य भाद्र १८ भित्र टोखा नगरपालिकाबाट जारी विद्यालय छात्रवृति व्यवस्थापन कार्यविधि, २०७७ का आधार र प्रक्रिया अनुसार गर्ने ।

४. सबै संस्थागत तथा सामुदायिक विद्यालयले श्रावण मसान्तभित्र शैक्षिक तथ्यांक प्रविष्टि गरी अपडेट गर्ने ।

५. सबै विद्यालयले शिक्षा शाखाबाट तयार गरिएको मूल्याङ्कन फारम तथा कक्षा ६-८ को नयाँ पाठ्यक्रम र शैक्षिक क्यालेन्डर बुझिलिई सोअनुसार नै शैक्षिक क्रियाकलाप सञ्चालन गर्न गराउने ।

६. आ.व. २०७७/७८ सम्मको लेखापरीक्षण गराउन संस्थागत विद्यालयले रजिष्टर्ड लेखापरीक्षकहरु मध्येबाट तीन जनाको नाम सिफारिस गर्ने र तीमध्ये एकजनालाई शिक्षा शाखाले लेखापरीक्षकको रुपमा नियुक्ति पत्र दिने तथा सामुदायिक विद्यालयले शिक्षा शाखाबाट नै तोकिएको लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने । सो कार्यका लागि श्रावण मसान्तभित्र शाखाबाट नियुक्तिपत्र बुझी पौष मसान्तभित्र कार्यसम्पन्न गरी प्रतिवेदन गर्ने गराउने । साथै यस अघिका लेखा परीक्षण प्रतिवेदन (आ.व. २०७५/७६ देखि ) नगरेको भए सो मितिभित्र अनिवार्य रुपमा पेश गर्ने । सामुदायिक विद्यालयहरुले लेखापरीक्षण प्रतिवेदनमा अन्य विवरणको अलवा नगरपालिकाबाट निकासा भएको अनुदानको शीर्षकगत निकासा/खर्च विवरण प्रष्ट उल्लेख गर्ने ।

७. नगरपालिकाका न्हुज पुस्तकालय, जालुपा पुस्तकालय, जनचेतना पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र र वैकल्पिक विद्यालयहरुलाई Free Wi-Fi zone बनाउन लागि नगरपालिकाबाट दिइएको प्रोत्साहन रकमबाट इन्टरनेट जडान गर्ने र वरिपरिका बालबालिकालगायत आवश्यकता पर्नेअन्य व्यक्तिहरुलाई निशुल्क इन्टरनेट सुविधा उपलब्ध गर्ने गराउने ।

शिक्षा, युवा तथा खेलकुद शाखा
टोखा नगरपालिका

Scanned with CamScanner